# कोभिड-१९ सम्बन्धी अस्थायी दरवन्दीमा चिकित्सक र स्वास्थ्यकर्मी छनौट सम्बन्धी मापदण्ड, २०७८

स्वीकृत मितिः २०७८।०८।२०


प्रदेश सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

नेपाल ।

# कोभिड-१९ सम्बन्धी अस्थायी दरवन्दीमा चिकित्सक र स्वास्थ्यकर्मी छनौट सम्बन्धी मापदण्ड, २०७८

<u>प्रस्तावना:</u> कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापन गर्नका लागि प्रदेश सरकार मातहत सञ्चालित अस्पताल समेतका निकायमा रहेको मौजुदा स्थायी दरवन्दी न्यून भएकोले गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत “अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा अस्थायी दरवन्दीको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी प्रतिवेदन, २०७८” बमोजिम अस्थायी दरबन्दीमा करार सेवाको लागि स्वास्थ्य सेवाका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु सेवा करारमा लिई सहज, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न वाञ्छनीय भएकोले,

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१.** <u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१) यस मापदण्डको नाम **"कोभिड-१९ सम्बन्धी अस्थायी दरवन्दीमा चिकित्सक र स्वास्थ्यकर्मी छनौट सम्बन्धी मापदण्ड, २०७८"** रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२.<u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश सम्झनुपर्छ ।

(ख) "स्वास्थ्य सम्बद्ध संस्था" भन्नाले मन्त्रालय मातहत रहेका स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, अस्पताल, स्वास्थ्य कार्यालय तथा आयुर्वेद स्वास्थ्य केन्द्र एवम् औषधालय समेत सम्झनुपर्छ।

(ग) "चिकित्सक र स्वास्थ्यकर्मी" भन्नाले दफा ३ बमोजिम कामकाज गर्न सेवा करारमा लिइएका चिकित्सक, अधिकृत र सहायक स्तरका कर्मचारी सम्झनुपर्छ ।

(घ) "विशेषज्ञ" भन्नाले सम्बन्धित विषयमा स्नातकोत्तर गरेको व्यक्ति सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले दफा ५ को उपदफा (१) बमोजिम गठित पदपूर्ति तथा सिफारिस समिति सम्झनुपर्छ ।

(च) "विज्ञ" भन्नाले स्वास्थ्यकर्मी छनौट गर्नका लागि मूल्याङ्कन गर्ने कार्यमा संलग्न विषयगत दक्षता भएको व्यक्ति सम्झनुपर्छ ।

**३.** <u>**सेवा करारमा कर्मचारी लिई कामकाज गराउन सक्ने:**</u> (१) यस मापदण्ड तथा प्रचलित कानूनको अधिनमा रही मन्त्रालय र मातहतका निकायहरुले गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत

अस्पताल तथा स्वास्थ्य संस्थाहरुको अस्थायी दरवन्दी बमोजिम विशेषज्ञ, चिकित्सक वा स्वास्थ्यकर्मी पदमा आवश्यक कर्मचारी करारमा लिई कामकाज गराउन सक्नेछन् ।

४.<u>कर्मचारी पदपूर्ति गर्ने निकायहरु :</u>

निम्नानुसारका निकायहरुबाट तोकिएका पदहरुमा कर्मचारी छनौट गरी पदपूर्ति गरिनेछ ।

(क) पाचौं तह सम्मका पदहरुमा सम्बन्धित कार्यालयले छनौट गरी सेवा करारका लागि सम्झौता गर्ने ।

(ख) सातौ तह वा सो भन्दा माथिका पदहरुमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशले छनौट गरी सेवा करारका लागि सम्झौता गर्ने ।

**५.<u>पदपूर्ति तथा सिफारिस समितिको गठनः</u>** (१) मन्त्रालय र मातहतका स्वास्थ्य सम्बद्ध संस्थाहरुमा आवश्यक विशेषज्ञ, चिकित्सक तथा स्वास्थ्यकर्मी छनौट गर्न देहाय वमोजिमको पदपूर्ति तथा सिफारिस समिति रहनेछः-

**(क) सातौ तह वा सो भन्दा माथिका स्वास्थ्यकर्मी पदपूर्ति तथा सिफारिस समितिः**

| | |
|---|---|
| (क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश | -संयोजक |
| (ख) निर्देशक, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश | -सदस्य |
| (ग) मन्त्रालयको चिकित्सा सेवा महाशाखा प्रमुख | -सदस्य |
| (घ) मन्त्रालयको प्रशासन महाशाखा प्रमुख | -सदस्य सचिव |

**(ख) पाचौं तह वा सो भन्दा तलका स्वास्थ्यकर्मी पदपूर्ति तथा सिफारिस समितिः**

| | |
|---|---|
| (क) सम्बन्धित कार्यालय प्रमुख | -संयोजक |
| (ख) सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय प्रमुख | -सदस्य |
| (ग) मन्त्रालयले तोकेको प्रतिनिधि | -सदस्य |
| (घ) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | -सदस्य |
| (ङ) सम्बन्धित कार्यालय प्रमुखले तोकेको कर्मचारी | -सदस्य सचिव |

**(ग) लमजुङ्ग जिल्लाको हकमा पाचौं तह वा सो भन्दा तलका स्वास्थ्यकर्मी पदपूर्ति तथा सिफारिस समितिः**

| | |
|---|---|
| (क) सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय प्रमुख | -संयोजक |
| (ख) मन्त्रालयले तोकेको प्रतिनिधि | -सदस्य |
| (ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | -सदस्य |
| (घ) सम्बन्धित कार्यालय प्रमुखले तोकेको कर्मचारी | -सदस्य सचिव |

(२) पदपूर्ति तथा सिफारिस समितिमा आवश्यकता अनुसार विज्ञको रुपमा बढीमा दुई जनालाई आमन्त्रित गर्न सकिनेछ ।

(३) पदपूर्ति तथा सिफारिस समितिका पदाधिकारी, आमन्त्रित विषय विज्ञ तथा समितिले काममा खटाएका कर्मचारीलाई गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ बमोजिम बैठक भत्ता र अन्य सुविधा दिइनेछ ।

६.**<u>समितिको काम कर्तव्य र अधिकार</u>** : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मर्यादित, तटस्थ र निष्पक्ष ढङ्गले छनौट सम्बन्धी कार्य गर्ने ।

(ख) परीक्षाको नतिजा तयार गरी नियुक्तिको लागि सिफारिस गर्ने ।

(ग) समिति आफैंले गर्ने कार्य बाहेक गोपनीयता भङ्ग नहुने साधारण कार्य गर्नको लागि मन्त्रालय वा पदपूर्ति गरिने निकायका कर्मचारीहरुको सहयोग लिन सक्ने ।

(घ) समितिले आवश्यकता अनुसार आफ्ना काम कारवाहीका सम्बन्धमा प्रयोजन हेरी छुट्टाछुट्टै निर्णय पुस्तिका, दर्ता किताव, चलानी किताव आदि खडा गर्ने र सो को व्यवस्थित अभिलेखीकरण गरी सुरक्षित रुपमा राख्ने ।

७.**<u>पाठ्यक्रम</u>** : (१) परीक्षाको पाठ्यक्रम सम्बन्धित पद/तहको लागि लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

८.**<u>सूचना प्रकाशन एवम् दरखास्त सम्बन्धी व्यवस्था</u>** : (१) यस मापदण्ड बमोजिम पदपूर्ति गरिने पदको लागि कम्तीमा सात दिनको म्याद दिई दरखास्त आह्वानको लागि कुनै एक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ । उक्त सूचना मन्त्रालयको वेबसाइट र सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ।

(२) सूचनामा प्रकाशित पदहरुका लागि उम्मेदवार हुन चाहने योग्यता पुगेको व्यक्तिले तोकिएको म्याद भित्र मन्त्रालयले निर्धारण गरेको दरखास्त फाराम भरी आफूले आवेदन गरेको अस्पताल/निकायमा बुझाउनुपर्नेछ ।

(३) दरखास्त साथ सूचनामा तोकिएका कागजातका अतिरिक्त निम्न लिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आँफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि - एक प्रति,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क पत्र एवम् चारित्रिक प्रमाण-पत्रको प्रतिलिपी – एक/एक प्रति,

(ग) सम्बन्धित काउन्सिलको नवीकरण सहितको दर्ता प्रमाण-पत्रको प्रतिलिपि - एक प्रति,

(घ) सम्बन्धित सेवा, समूह, तह र क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी – एक/एक प्रति।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त दरखास्त छानविन गर्दा रित पुगेको र सूचनामा उल्लेखित योग्यताहरु पूरा भएको दरखास्त मात्र स्वीकृत हुनेछ ।

९.**उम्मेदवारको योग्यता**ः उम्मेदवारको योग्यता प्रचलित स्वास्थ्य सेवा ऐन र नियमावली बमोजिम हुनु पर्नेछ।

१०.**दरखास्त दस्तुरः** दरखास्त दस्तुर लोकसेवा आयोगले सम्बन्धित पद र तहका लागि तोके अनुसारको हुनेछ ।

११.**विज्ञको सूची तयार गर्ने** : (१) छनौट तथा पदपूर्ति समितिले छनौट प्रक्रियाका लागि दरखास्त बुझाउने अन्तिम मिति अगावै आवश्यकता अनुसार विज्ञहरुको सूची तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा शैक्षिक योग्यता, सम्बन्धित क्षेत्रको अनुभव र व्यावसायिक दक्षताको आधारमा विज्ञहरुको सूची तयार गर्नुपर्नेछ ।

१२.**आचार संहिता पालना गर्नुपर्ने** :(१) विज्ञले देहाय बमोजिमका आचार संहिता पालना गर्नुपर्नेछः-

(क) छनौट सम्बन्धी कार्य जिम्मेवारीको कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा व्यक्त गर्नु हुँदैन।

(ख) आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी भएको अवस्थामा छनौट सम्बन्धी जिम्मेवारी निर्वाह गर्नु हुँदैन । यसरी संलग्न भएको पाईएमा उक्त मूल्याङ्कन रद्द हुनेछ ।

(ग) प्राप्त अङ्क बारे कहीं कतै व्यक्त गर्नु हुँदैन ।

(२) समितिका पदाधिकारी र कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछः-

(क) नाता सम्वन्ध भएका स्वास्थ्यकर्मी आवेदक भएको खण्डमा पदपूर्ति समितिको कुनै पनि पदाधिकारी छनौट सम्बन्धी कार्यमा संलग्न हुन पाउने छैन ।

(ख) कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कहीँ कतै मत व्यक्त गर्नु हुँदैन ।

(ग) छनौटको लागि सूचना प्रकाशन भए देखि उम्मेदवारको नाम सिफारिस नभए सम्मको अवधिभर छनौट समितिका पदाधिकारी वा कर्मचारीलाई अनावश्यक प्रलोभन, दवाब, भनसुन, धम्क्याउने कार्य गर्नु गराउनु हुँदैन ।

(घ) निष्पक्षता कायम गर्नुपर्नेछ ।

(ङ) छनौट कार्यमा गोपनीयता कायम गर्नुपर्नेछ ।

(च) कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी आ-आफ्नो पदीय दायित्व निर्वाह गर्नुपर्नेछ ।

(छ) छनौट सम्बन्धी काम कारवाहीमा असर पर्ने गरी गोपनीयता भङ्ग, अनैतिक क्रियाकलाप, स्वच्छतामा आँच आउने गरी जानाजानी कुनै प्रकारको टिका टिप्पणी वा आलोचना सार्वजनिक गर्न वा अन्य कुनै रुपमा अभिव्यक्ति दिन पाइने छैन ।

(ज) कुनै पनि उम्मेदवारबाट दान, चन्दा, ऋण, सापटी, आर्थिक तथा भौतिक लाभ वा कोसेली ग्रहण वा स्वीकार गर्नु हुँदैन ।

(३) समिति र यस कार्यमा संलग्न दक्ष/विज्ञ लगायतका सबैलाई लोक सेवा आयोगको स्वीकृत आचार संहितासँग मेल खाने गरी आचार संहिता निर्माण गरेर सम्बन्धित निकायबाट स्वीकृत गरी कार्यसम्पादन सुरु हुनु अगाडि अनिवार्य परिपालना हुने गरी हस्ताक्षर समेत गर्नु/गराउनु पर्नेछ ।

१३. <u>स्वास्थ्यकर्मी छनौटका आधारः</u> स्वास्थ्यकर्मी छनौटका विधि देहाय बमोजिम हुनेछः-

**(क) शैक्षिक योग्यता, अनुभव लगायतको मूल्याङ्कनः**

(१) अनुसूची १ (क) बमोजिम कूल ७० (सत्तरी) पूर्णाङ्क हुनेछ ।

**(ख) अन्तर्वार्ताः**

(१) अन्तर्वार्ताको अङ्क अनुसूची १ (ख) बमोजिम कूल ३० (तीस) पूर्णाङ्क हुनेछ ।

(२) अन्तर्वार्ता मूल्याङ्कन गर्नका लागि लोक सेवा आयोग ऐन तथा नियमावली बमोजिमको फाराम प्रयोग गर्न सकिनेछ । अन्तर्वार्ता गर्दा अन्तर्वार्ताकर्ताले सोही अनुसूचीमा उल्लेखित कुराहरुलाई पालना गर्नुपर्नेछ ।

(३) अन्तर्वार्ताको लागि तोकिएको मिति, समय र स्थानमा अनुपस्थित हुने उम्मेदवारलाई पुनः अन्तर्वार्तामा सामेल गराइने छैन ।

(४) अन्तर्वार्ताको लागि मिति, स्थान र समय सम्बन्धी सूचना मन्त्रालयको वेबसाइटमा राखी सम्बन्धित निकायको सूचना पाटीमा समेत टाँसिनेछ।

(५) अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरुले अन्तर्वार्ताका दिन आफूले पेश गरेका शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रका सक्कलै प्रतिहरु लिई आउनुपर्नेछ ।

(६) अन्तर्वार्ताको मूल्याङ्कन गर्ने प्रत्येक सदस्यले तोकिए बमोजिम अलग अलग फाराममा मूल्याङ्कन गर्नुपर्नेछ । अन्तर्वार्ता समाप्त हुने बित्तिकै उपस्थित सबैको रोहवरमा सिलबन्दी गरी सो खामका बाहिर विज्ञ लगायत अन्तर्वार्तामा सामेल सबै सदस्यहरुले सहीछाप गर्नुपर्नेछ।

(७) अन्तर्वार्तामा संलग्न कुनै मूल्याङ्कनकर्ताले सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेमा स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ र त्यसरी प्रदान गरेको अङ्क पचास प्रतिशत भन्दा बढी मूल्याङ्कनकर्ताहरुले प्रदान गरेको भए मात्र मान्य हुनेछ । अन्यथा

बढीमा सत्तरी प्रतिशत र घटीमा चालीस प्रतिशत नै अङ्क मानी गणना गरिनेछ । अन्तर्वार्ताको चरणमा लोकसेवा आयोगले अवलम्बन गरेको आचारसंहिता लागू हुनेछ ।

१४.<u>गोपनीयता</u> : छनौट प्रक्रिया सम्बन्धी काम कारवाही तथा गोपनीयता राख्नुपर्ने कार्यमा आवश्यक गोपनीयता कायम राख्नुपर्ने दायित्व सो काममा संलग्न सबै पदाधिकारी र कर्मचारीको हुनेछ ।

१५.<u>अन्तिम नामावली प्रकाशन तथा सेवा करारका लागि सिफारिस</u> : (१) अन्तिम नतिजा प्रकाशनको लागि पदपूर्ति तथा सिफारिस समितिबाट लिईएको परीक्षामा उम्मेदवारले प्राप्त गरेको कूल अङ्कको आधारमा योग्यता क्रमको सूची तयार गर्नुपर्नेछ । साथै, बाँकी उत्तीर्ण उम्मेदवारहरुमध्ये प्राप्ताङ्कको आधारमा वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गर्नको लागि योग्यता क्रमको सूची तयार गर्नुपर्नेछ ।

(२) सिफारिस भएका उम्मेदवारलाई नतिजा प्रकाशन भएको मितिले सात दिनको म्याद दिई करार सम्झौता गर्न सूचना दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने उम्मेदवारसँग सम्बन्धित निकायले अनुसूची-२ बमोजिमको ढाँचामा करार सम्झौता गर्नुपर्नेछ। सो अवधिभित्र उम्मेदवारले सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार सम्झौता गर्न सकिनेछ।

(४) यस मापदण्ड बमोजिम सेवा करारमा राखिएका चिकित्सक र स्वास्थ्यकर्मीहरुको पद आर्थिक वर्ष भित्र रिक्त भएमा वैकल्पिक सूचीमा भएका उम्मेदवारहरु मध्येबाट योग्यता क्रमको आधारमा करार सेवाको लागि सिफारिस गर्न सकिनेछ ।

(५) यस मापदण्ड वमोजिम करार सम्झौता भई कामकाज गरेका कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी सम्बन्धित कार्यालयमा लिखित रुपमा जानकारी दिनुपर्नेछ । यसरी जानकारी नगराई काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइने छैन।

१६.<u>हाजिर भएको जानकारी दिनुपर्ने:</u> कर्मचारी खटाइएको स्थानमा हाजिर भए पश्चात् सो को जानकारी सम्बन्धित कार्यालयले मन्त्रालयमा पठाउनुपर्नेछ।

१७.<u>सेवा सुविधा र पदावधि सम्बन्धी ब्यवस्था</u> :(१) सेवा करारको लागि नियुक्त गरिएका चिकित्सक र स्वास्थ्यकर्मीहरुको पदावधि सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ । चिकित्सक र स्वास्थ्यकर्मीहरुको तलव नेपाल सरकारद्धारा तोकिएको शुरु स्केलको तलब बराबर हुनेछ।

(२) चिकित्सक र स्वास्थ्यकर्मीहरुले पाउने बिदा सम्बन्धी व्यवस्था करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१८.<u>सुपरिवेक्षणमा रहनुपर्ने:</u> कर्मचारीले खटाइएको कार्यालयको प्रमुखको सुपरीवेक्षणमा रही कामकाज गर्नुपर्नेछ।

१९.**<u>कार्यविवरणः</u>** कर्मचारीको कार्यविवरण सम्बन्धित कार्यालयले तोके बमोजिमको हुनेछ।

२०.**<u>सरुवाः</u>** कर्मचारीको सुरु पदस्थापना भएको कार्यालय बाहेक अन्यत्र सरुवा हुने छैन।

२१.**<u>करार सम्झौता रद्द हुनेः</u>** (१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि अस्थायी दरवन्दी खारेन भएमा वा कार्य सम्पादन सन्तोषजनक नभएमा सेवा करार सम्झौता जुनसुकै समयमा रद्द गर्न सकिनेछ ।

(३) कर्मचारीको सेवा सन्तोषजनक नभएको भनी निज कार्यरत रहेको कार्यालयले सिफारिस गरेको अवस्थामा नियुक्त गर्ने निकायले करार सम्झौता जुनसुकै समयमा भङ्ग गर्न सक्नेछ तर यसरी सम्झौता भङ्ग गर्नु अघि निजलाई सफाइ पेश गर्ने मौका दिइनेछ ।

२२.**<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** (१) यस मापदण्ड तथा प्रचलित कानूनको अधिनमा रही समितिले परीक्षा सञ्चालन देखि उम्मेदवार सिफारिस गर्ने सम्मका कार्यमा आउने बाधा अड्काउ फुकाउन सक्नेछ । बाधा अड्काउ फुकाउने प्रयोजनका लागि समितिले लोकसेवा आयोगको सामान्य सिद्दान्तलाई आधार मान्न सक्नेछ ।

(२) उपदफा (१) बाहेकका अन्य कार्यको हकमा यस मापदण्ड तथा प्रचलित कानूनको अधिनमा रही मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

२३.**<u>लोक सेवा आयोगको सिद्धान्त अवलम्बन गर्नुपर्नेः</u>** चिकित्सक तथा स्वास्थ्यकर्मी छनौट प्रक्रिया अवलम्बन गर्दा यस मापदण्डमा उल्लेख नभएको हकमा लोकसेवा आयोगद्वारा निर्धारण भएको सिद्दान्त, मापदण्ड र प्रक्रियालाई अवलम्बन गर्नुपर्नेछ ।

२४.**<u>संशोधनः</u>** यस मापदण्डमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

अनुसूची-१

(दफा १३ सँग सम्बन्धित)

**मूल्याङ्कनको आधार**

पूर्णाङ्क : १००

(क) शैक्षिक योग्यता, अनुभव लगायतको अङ्कभार

| क्र. सं. | विवरण | अंकभार |
|---|---|---|
| १ | शैक्षिक योग्यताको अङ्कभार | |
| | (क) न्यूनतम शैक्षिक योग्यता | ५५ |
| | (ख) माथिल्लो शैक्षिक योग्यता | ५ |
| २ | अनुभव (सम्बन्धित सेवा, समूह, तह र क्षेत्रमा काम गरेको आधारमा प्रत्येक वर्षको लागि एक अंकका दरले बढीमा पाँच अंकमा नबढ्ने गरी) | ५ |
| ३ | स्थानीय ब्यक्ति (जिल्ला) | ५ |
| | **जम्मा** | **७०** |

(ख) अन्तर्वार्ताको मूल्याङ्कनको अंकभार

| क्र. सं. | विवरण | अंकभार |
|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | २० |
| २ | आत्मविश्वास | ५ |
| ३ | प्रस्तुति कला | ५ |
| | **जम्मा** | **३०** |

अनुसूची —२

(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

कोभिड-१९ सम्बन्धी अस्थायी दरवन्दीमा चिकित्सक र स्वास्थ्यकर्मी छनौट सम्बन्धी मापदण्ड, २०७८ बमोजिम गरिएको

## सेवा करार सम्झौता

प्रदेश सरकार, ................................................., (यस पछि पहिलो पक्ष भनिएको) र ................. जिल्ला ........................म.न.पा./उ.म.न.पा./न.पा/.गा.पा. वडा नं. ...... बस्ने वर्ष ........ का श्री/श्रीमती/सुश्री ................................................ (यस पछि दोस्रो पक्ष भनिएको) ले पहिलो पक्षलाई कोभिड-१९ सम्बन्धी अस्थायी दरवन्दीमा चिकित्सक र स्वास्थ्यकर्मी छनौट सम्बन्धी मापदण्ड, २०७८ बमोजिम कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी सेवा उपलब्ध गराउने मञ्जुर भई तपशिलका शर्तहरुका अधिनमा रही यो सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं, दियौं ।

### शर्तहरुः

(१) काम गर्नु पर्ने स्थान समय र अवधिः

(क) स्थानः.......................................................... ।

(ख) समयः सामान्यतया विहान १०:०० बजेदेखि बेलुका ५:०० बजे सम्म र सम्बन्धित निकायको आवश्यकता अनुसार जुनसुकै वेला ।

(ग) अवधिः .................................... ।

(२) गर्नु पर्ने कामको विवरणः- तोकिए बमोजिम ।

(३) सेवा गरे बापत पाउने पारिश्रमिकः- नेपाल सरकारद्धारा तोकिएको शुरु स्केलको तलब ।

(४) सेवा करारमा काम गर्ने व्यक्तिलाई किरिया विदा पन्ध्र दिन, सार्वजनिक विदा र मासिक एक दिन भैपरी विदा सञ्चित नहुने गरी उपलब्ध हुनेछ ।

(५) सेवा करारमा काम गर्ने व्यक्तिले निजामती कर्मचारीले पालन गर्नु पर्ने सम्पूर्ण आचरण पालना गर्नुपर्नेछ ।

(६) दोस्रो पक्षले सम्बन्धित निकायको चल अचल सम्पत्ति हानी नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको विगो पहिलो पक्षलाई दिनु पर्नेछ ।

(७) करार सेवामा नियुक्त हुने कर्मचारीले सार्वजनिक विदामा काम गरेमा सार्वजनिक विदामा काम गरे वापत निजले नियमानुसार सट्टा विदा पाउनेछ ।

(८) दोस्रो पक्षले पहिलो पक्षको गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा प्रेसलाई उपलब्ध गराएको प्रमाणित भएमा निजलाई सेवाबाट हटाउन सकिनेछ ।

(९) बिना सूचना ७(सात) दिन सम्म कार्यालयमा अनुपस्थित भएमा करार सम्झौता भङ्ग गर्न सक्नेछ ।

(१०)तोकिए बमोजिमको कार्य नगरी सेवा सन्तोषजनक नभए पहिलो पक्षले करार भङ्ग गर्न सक्नेछ ।

(११)सेवा करार सम्झौता भङ्ग गर्न चाहेमा कम्तीमा एक महिना समय दिई एक पक्षले अर्को पक्षलाई लिखित रुपमा सूचना दिनु पर्नेछ । तर दोस्रो पक्षको कार्य सन्तोषजनक नभएमा वा गैर आचरण गरेमा दोस्रो पक्षलाई पहिलो पक्षले ७(सात) दिनको सूचना दिई सेवाबाट निष्कासन गर्न सक्नेछ ।

(१२)करार सम्झौता भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित निकायमा हाजिर भई कामकाजमा गर्नुपर्नेछ।

(१३)खटाएको ठाँउमा हाजिर भएको मिति देखि मात्र सेवा सुविधा उपलब्ध हुनेछ ।

(१४)यो सम्झौता कामकाज गरेको मिति............................गते देखि लागू हुनेछ र मिति .........................सम्म वहाल रहनेछ ।

| <u>पहिलो पक्षः</u> | <u>रोहवर</u> | <u>दोश्रो पक्षः</u> |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| नाम थरः | नाम थरः | नामः |
| पदः | पदः | ठेगानाः |
| कार्यालयः | कार्यालयः | सम्बन्धित काउन्सिल दर्ता नं. |
| | | स्थायी लेखा नं. |
| | | मोबाईल नं. |

**इति सम्वत् ................ साल .................. महिना ........... गते रोज ..... शुभम्।**